पर्सा जिल्ला अदालत

इजलास

माननीय न्यायाधीश श्री देवी कुमारी चौधरी

थुनछेक आदेश

मुद्दा नं.:- ०८३-C१-०१७३

अंजली ईन्टरनेशनलको प्रो. निर्मला देवीको जाहेरीले नेपाल सरकार----------वादी

विरुद्ध

सुमन शर्मा समेत----------प्रतिवादी

मुद्दाः- ठगी तथा अपराधिक विश्वासघात

१ यसमा निवेदनसाथ हाजिर हुन आएका प्रतिवादी सुमन शर्माको बयान कार्य सम्पन्न भई वादी नेपाल सरकारको तर्फबाट उपस्थित सहायक जिल्ला न्यायाधिवक्ता श्री अनन्तराज न्यौपाने, जाहेरवालाको तर्फबाट विद्वान अधिवक्ताहरु श्री मनिलाल प्रसाद, श्री अंजनी कुमार नविन र श्री अमित कुमार र प्रतिवादीको तर्फबाट उपस्थित विद्वान अधिवक्ता श्री दीपक राजभंडारी, श्री रामप्रकाश पंडित, र श्री वालमुकुन्द खरेलले गर्नुभएको वहससमेत सुनियो।

२ यी प्रतिवादी प्रतिवादीहरु सुमन शर्मा समेतलाई ठगीतर्फ मुलुकी अपराध संहिता, २०७४ को दफा २४९ (१) र (२) बमोजिमको कसूरमा ऐ. संहिताको दफा २४९ को उपदफा ३(ग) बमोजिम सजाय हुन तथा आपराधिक विश्वासघाततर्फ मुलुकी अपराध संहिता, २०७४ को दफा २५२(१) विपरीत २ (ख) बमोजिमको कसूरमा ऐ. संहिताको दफा २५२ (३) (ख) बमोजिम सजाय हुन र अपराध पीडित संरक्षण ऐन, २०७५ को दफा ४१ बमोजिम प्रतिवादीहरुबाट क्षतिपुर्ति शुल्क निर्धारण गरी पीडित राहत कोषमा जम्मा गरी पाउन साथै मुलुकी अपराध संहिता, २०७४ को दफा २५४ बमोजिम जाहेरवालीको छोरा सुनिल कुमार साह तेलीको नाउँमा श्रेष्ता कायम रहेको जग्गा धितो बन्धक राखी स्वीकृत गराएको कर्जा रु.८९,००,०००।- (उनानन्वे लाख) प्रतिवादीहरुबाट जाहेरवालालाई दिलाई भराई पाउन समेतको मागदावी लिएको छ ।

३ थुनछेक तर्फ विचार गर्दा, म जाहेरवालाको अंजली ईन्टरनेशनल घरेलु तथा साना उद्योग कार्यालय पर्सामा दर्ता भई कम्पनीको उद्देश्य बमोजिम भवन निर्माण सामग्री तथा हार्डवेयर सामानको खुद्रा व्यापार गर्ने विविध सामानहरूको खुद्रा विक्री गर्ने विविध खाद्य सामग्री लगायतका कारोबार गर्दै आएकोमा आफ्नो उद्देश्य बमोजिमको काम गर्ने क्रममा विपक्षीहरूसँग लामो समयदेखि आवद्ध रहेकोले व्यापार व्यवसायमा आफै थप लगानी गर्ने भनी केही थप कर्जाको आवश्यक परेको भनि विपक्षी बैंकको सहजर, रिलेशन मेनेजर र सिईओ समेतले थप कर्जाको लागि सम्पूर्ण प्रक्रिया अगाडी बढाई साथै विपक्षी केन्द्रीय कार्यालयबाट मिति २०८०।०१।०५ गते उक्त थप कर्जा रु.३,८९,९४,०००। स्वीकृत भएपश्चात म जाहेरवालाको छोरा सुनिल कुमार साह तेलीको नाममा दर्ता श्रेष्ता कायम रहेको जिल्ला वारा गा.वि.स. अमवि वडा नं.५ को किता नं.२९९ को क्षेत्रफल ०-६-०-० (२०३१.७८ वर्गमिटर) जग्गावाट रु.८९,००,०००।- बराबरको धितो

[illegible] कार्यालय वारा कलैयाको र.नं. ६२९३/१ वाट संस्थागत कर्जाको लागि व्यक्तिको धितोबन्धक सुरक्षा (सुरक्षण) लिखत गराई सोही अनुरुप विपक्षीले धितो बन्धकी गरेको रकम बराबरको कर्जा रकमको लागि म जाहेरवाला विपक्षीहरू समक्ष फोन गरी तथा कार्यालयमा गई स्वीकृत भएको कर्जा तथा विपक्षीको नाममा गरी दिएको धितो बन्धकी अनुसारको रकम Disbursement गरी दिनको लागि पटक पटक अनुरोध गर्दा आज भोलीमा उक्त रकम पठाई दिनेछु भनी विश्वास दिलाई दृष्टिबन्धकी अनुसारको रकम नपठाएको कारण विपक्षीलाई खोजी गर्दै जाने क्रममा मिति २०८०।०४।१५ गते विपक्षीहरु मध्ये विपक्षी सुबोध जोशी म जाहेरवालाको फर्ममा आई बैंकको केन्द्रीय कर्जा महाशाखाबाट भोली खातामा पैसा पठाई दिने कुराको विश्वास दिलाई गई उक्त रकम मेरो खातामा नपठाएको र विपक्षीलाई फोन सम्पर्क गर्दा नउठाई सम्पर्क विहीन भएकोमा विपक्षी बैंकको शाखा प्रमुख तथा अन्य विपक्षीहरुले मिलोमतो गरी म जाहेरवालाको नाममा रु.८९,००,०००।- कर्जा स्वीकृत गराई म जाहेरवालाको छोरा नाउँमा दर्ता रहेको जग्गा धितोबन्धक लिखत गराई उक्त धितोवन्धक गराएको कर्जा कम्पनीका खातामा जम्मा नगरी म जाहेरवाला र मेरो कम्पनीलाई हानी नोक्सानी क्षति पुर्याई विपक्षीहरू सुमन शर्मा, केदार सिंह, सुवोध जोशी र रविन्द्र के.सी.ले आफुलाई लाभ प्राप्त गरी ठगी गरी आपराधिक विश्वासघात तथा आपराधिक लाभ (एक्सटर्सन) सम्बन्धी कसूर गरेको हुँदा विपक्षीहरूलाई कानून बमोजिम कारवाही गरी मेरो लिएको रकम र क्षतिपूर्ति समेत दिलाई भराई पाउ भन्ने व्यहोराको निर्मला देवीको जाहेरी दरखास्त मिसिल सामेल रहेको देखिन्छ।

४ जाहेरवाली निर्मला देवीले जिल्ला पर्सा वीरगंज म.न.पा. वडा नं.-१६ नगवा टोल स्थित अंजली ईन्टरनेशनल कम्पनी दर्ता गराई भवन निर्माण तथा हार्डवेयरका सामानको व्यापार गर्दै आएकोमा सोही क्रममा जाहेरवालीको प्रतिवादीहरूसँग लामो समयदेखि आवद्ध रहेकोले निज जाहेरवालीले व्यापार व्यवसायमा थप लगानी गर्नको लागि रकम आवश्यक परेको हुँदा जाहेरवालीले सो कुराको बारेमा प्रतिवादीहरूसँग प्रस्ताव गर्दा सम्पूर्ण प्रकृया मिलाई मिति २०८०।०१।०५ गते थप कर्जा रू. ३,८९,९४,०००।- स्वीकृत भएको र जाहेरवालीको छोरा सुनिल कुमार साह तेलीको नाममा श्रेष्ता कायम रहेको जिल्ला वारा सावीक अमाव गा.वि.स. वडा नं.५ को कि.नं. २९९ को क्षेत्रफल ०-६-०-० जग्गावाट रू.८९,००,०००।- बराबरको धितो थाम्ने गरी सोही मितिमा मालपोत कार्यालय वारा, कलैयाको र.नं.६२९३/१ वाट संस्थागत कर्जाको लागि व्यक्तिको धितो बन्धक सुरक्षा (सुरक्षण) लिखत गराई धितो बन्धक बराबरको रकम स्वीकृत गराएको र जाहेरवालाको छोरा सुनिल कुमार साह तेलीको नाममा श्रेष्ता कायम रहेको जग्गा धितो स्वीकृत भएको कर्जा जाहेरवालीलाई नदिएको कारण जाहेरवालीले पटक पटक सम्पर्क गर्दा समेत प्रतिवादीहरूले झुठो अश्वासन दिई पछि सम्पर्क विहीन भई धितो बन्धक गराई स्वीकृत गराएको कर्जा कम्पनीको नामको खातामा वा जाहेरवालीको खातामा जम्मा नगरी प्रतिवादीहरूले आफूलाई लाभ लिई जाहेरवालीको कम्पनी र जाहेरवालीलाई नोक्सान पुर्याउने नियतले ठगी गरी आपराधिक विश्वासघात तथा आपराधिक लाभ (एक्सटर्सन) सम्वन्धी कसूर गरेको कुरा जाहेरवाली समेतले मिति २०८२।०५।३१ गते थाहा पाएको हुँदा प्रतिवादीहरुलाई कानून वमोजिम होस् भन्ने व्यहोराको चन्दन साह र रमेश साह समेतले गरी दिएको घटनाविवरण कागज मिसिल सामेल रहेको देखिन्छ।

थाम्ने गरी सोही मितिमा मालपोत कार्यालय वारा कलैयाका र.नं. ६२९३/१ वाट संस्थागत कर्जाको लागि व्यक्तिको धितोबन्धक सुरक्षा (सुरक्षण) लिखत गराई सोही अनुरुप विपक्षीले धितो बन्धकी गरेको रकम बराबरको कर्जा रकमको लागि म जाहेरवाला विपक्षीहरू समक्ष फोन गरी तथा कार्यालयमा गई स्वीकृत भएको कर्जा तथा विपक्षीको नाममा गरी दिएको धितो बन्धकी अनुसारको रकम Disbursement गरी दिनको लागि पटक पटक अनुरोध गर्दा आज भोलीमा उक्त रकम पठाई दिनेछु भनी विश्वास दिलाई दृष्टिबन्धकी अनुसारको रकम नपठाएको कारण विपक्षीलाई खोजी गर्दै जाने क्रममा मिति २०८०।०४।१५ गते विपक्षीहरु मध्ये विपक्षी सुबोध जोशी म जाहेरवालाको फर्ममा आई बैंकको केन्द्रीय कर्जा महाशाखाबाट भोली खातामा पैसा पठाई दिने कुराको विश्वास दिलाई गई उक्त रकम मेरो खातामा नपठाएको र विपक्षीलाई फोन सम्पर्क गर्दा नउठाई सम्पर्क विहीन भएकोमा विपक्षी बैंकको शाखा प्रमुख तथा अन्य विपक्षीहरुले मिलोमतो गरी म जाहेरवालाको नाममा रु.८९,००,०००।- कर्जा स्वीकृत गराई म जाहेरवालाको छोरा नाउँमा दर्ता रहेको जग्गा धितोबन्धक लिखत गराई उक्त धितोवन्धक गराएको कर्जा कम्पनीका खातामा जम्मा नगरी म जाहेरवाला र मेरो कम्पनीलाई हानी नोक्सानी क्षति पुर्याई विपक्षीहरू सुमन शर्मा, केदार सिंह, सुवोध जोशी र रविन्द्र के.सी.ले आफुलाई लाभ प्राप्त गरी ठगी गरी आपराधिक विश्वासघात तथा आपराधिक लाभ (एक्सटर्सन) सम्बन्धी कसूर गरेको हुँदा विपक्षीहरूलाई कानून बमोजिम कारवाही गरी मेरो लिएको रकम र क्षतिपूर्ति समेत दिलाई भराई पाउ भन्ने व्यहोराको निर्मला देवीको जाहेरी दरखास्त मिसिल सामेल रहेको देखिन्छ।

४ जाहेरवाली निर्मला देवीले जिल्ला पर्सा वीरगंज म.न.पा. वडा नं.-१६ नगवा टोल स्थित अंजली ईन्टरनेशनल कम्पनी दर्ता गराई भवन निर्माण तथा हार्डवेयरका सामानको व्यापार गर्दै आएकोमा सोही क्रममा जाहेरवालीको प्रतिवादीहरूसँग लामो समयदेखि आवद्ध रहेकोले निज जाहेरवालीले व्यापार व्यवसायमा थप लगानी गर्नको लागि रकम आवश्यक परेको हुँदा जाहेरवालीले सो कुराको बारेमा प्रतिवादीहरूसँग प्रस्ताव गर्दा सम्पूर्ण प्रकृया मिलाई मिति २०८०।०१।०५ गते थप कर्जा रू. ३,८९,९४,०००।- स्वीकृत भएको र जाहेरवालीको छोरा सुनिल कुमार साह तेलीको नाममा श्रेष्ता कायम रहेको जिल्ला वारा सावीक अमाव गा.वि.स. वडा नं.५ को कि.नं. २९९ को क्षेत्रफल ०-६-०-० जग्गावाट रू.८९,००,०००।- बराबरको धितो थाम्ने गरी सोही मितिमा मालपोत कार्यालय वारा, कलैयाको र.नं.६२९३/१ वाट संस्थागत कर्जाको लागि व्यक्तिको धितो बन्धक सुरक्षा (सुरक्षण) लिखत गराई धितो बन्धक बराबरको रकम स्वीकृत गराएको र जाहेरवालाको छोरा सुनिल कुमार साह तेलीको नाममा श्रेष्ता कायम रहेको जग्गा धितो स्वीकृत भएको कर्जा जाहेरवालीलाई नदिएको कारण जाहेरवालीले पटक पटक सम्पर्क गर्दा समेत प्रतिवादीहरूले झुठो अश्वासन दिई पछि सम्पर्क विहीन भई धितो बन्धक गराई स्वीकृत गराएको कर्जा कम्पनीको नामको खातामा वा जाहेरवालीको खातामा जम्मा नगरी प्रतिवादीहरूले आफूलाई लाभ लिई जाहेरवालीको कम्पनी र जाहेरवालीलाई नोक्सान पुर्याउने नियतले ठगी गरी आपराधिक विश्वासघात तथा आपराधिक लाभ (एक्सटर्सन) सम्वन्धी कसूर गरेको कुरा जाहेरवाली समेतले मिति २०८२।०५।३१ गते थाहा पाएको हुँदा प्रतिवादीहरुलाई कानून वमोजिम होस् भन्ने व्यहोराको चन्दन साह र रमेश साह समेतले गरी दिएको घटनाविवरण कागज मिसिल सामेल रहेको देखिन्छ।

५ मैले जाहेरवालालाई चिनेको छैन,कहिल भेटेको नि छैन, कर्जा लिन पनि भनेको छैन। जाहेरवालाले जाहेरीमा उल्लेख गर्नुभएको कि.न. २९९ धितो राखी मैले कुनै ऋण दिएको छैन। जाहेरवालाको उक्त कि.न. धितो राखी कर्जा दिने सम्बन्धमा मैले कुनै पनि निर्णय गरेको छैन। मैले कसैलाई विश्वासमा पारी आपराधिक विश्वासघात तथा आपराधीक लाभ लिने कार्य गरेको छैन भनी अदालत समक्ष कसूरमा इन्कारी बयान गरेको देखिन्छ।

६ अतः यी प्रतिवादीले आज यस अदालत समक्ष कसूरमा इन्कार रही बयान गरेतापनि यी प्रतिवादी समेतले आफूलाई ठगी तथा अपराधिक विश्वासघात गरेको भन्ने व्यहोराको जाहेरी दरखास्त परेको अवस्था, जाहेरी दरखास्त समर्थन हुने गरी चन्दन साह समेतले गरिदिएको घटना विवरण कागज, मिसिल संलग्न रहेको जाहेरवाला र प्रतिवादी बैंक बिच र.न.६२९३/१ मिति २०८०/१/५ मा पारित संस्थागत कर्जाको लागि व्यक्तिको धितोबन्धक(सुरक्षण) लिखत र विपक्षी बैंकबाट प्राप्त पत्र समेतका तत्काल प्राप्त प्रमाणहरुबाट अहिले नै यी प्रतिवादी आरोपित कसूरकमा कसूरदार छैन भनी भन्न सकिने अवस्था नदेखिएकाले पछि थप प्रमाण बुझ्दै जादा ठहरे बमोजिम हुने नै हुँदा हाल यी प्रतिवादी सुमन शर्माको हकमा मुलुकी फौजदारी कार्यविधी संहिता, २०७४ को दफा ६८ बमोजिम दफा ७२ समेतलाइ आधार मानी रु २,००,०००/-(अक्षरेपी दुई लाख मात्र) नगद वा सो बराबरको बैङ्क ग्यारेन्टी वा जेथा जमानत दिए लिई मुद्दा पूर्पक्षको लागि तारेखमा राखु र सो दिन नसके कानून बमोजिमको सिदा खान पाउने गरी सोही संहिताको दफा ८० बमोजिमको थुनुवा पूर्जी दिई थुनामा पठाईदिने गरी सोही संहिताको दफा ७९ बमोजिम यो आदेश गरिदिएको छ।

न्यायाधीश

२०८३/६/२०

<u>आदेश सुनी सहिछाप गर्ने</u>

प्रतिवादीः सुमन शर्मा

इति सम्वत २०८३ साल असोज महिना २० गते रोज ३ मा शुभम्.....।